# तिनाउ बिकास बैंक लिमिटेडको

# छैठौं वार्षिक साधारण सभाको

# काम कारवाहीको विवरण

# (माइन्यूट)

## १. बैधानिक सभा

कम्पनी ऐन २०६३ र विकास बैंकको नियमावली बमोजिम वित्तीय संस्थाको छैठौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजेन्द्र प्रसाद वझाज्युको अध्यक्षतामा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका बिषयहरु उपर छलफल गरि देहाय बमोजिम निर्णय गरियो ।

## २. सभाको मिति, समय र स्थान

**मिति:** २०६९ साल पौष १३ गते शुक्रबार (२८ डिसेम्बर, २०१२)

**समय:** बिहान ८.३० बजे प्रारम्भ भई १२.३० बजे सम्पन्न भएको ।

**स्थान:** उद्योग बाणिज्य संघको सभाहल, बुटवल ८, कालिका मन्दिर पछाडि ।

## ३. सभाको सूचना

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम बिकास बैंकको छैठौं वार्षिक साधारण सभाको सुचना तथा सभामा छलफल हुने बिषयहरु एवं प्रस्तावहरु शेयधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति: २०६९।०८।१९ गतेको राष्ट्रिय स्तरको दैनिक पत्रिका अन्नपुर्ण पोष्ट र मिति: २०६९।०९।०८ गतेको बुटवल टुडे पत्रिकामा सभा हुने स्थान, समय, मिति र छलफल हुने बिषयहरुको सुचना शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

## ४. छलफलको बिषयहरु

क) साधारण प्रस्तावहरु

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युको वार्षिक प्रतिबेदन प्रस्तुत र सो उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२) आ.व. ०६८/६९ को लेखा परिक्षण प्रतिवेदन, २०६९ अषाढ मसान्तको वासलात, नाफा नोक्सान तथा नगद प्रवाह विवरण तथा अनुसुचीहरुमा छलफल गरि पारित गर्ने ।

३) आ.व.०६९/७० को लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने (हालका लेखा परिक्षक शिवहरि एण्ड कम्पनिका शिवहरि शर्मा पुन: नियुक्तिको लागि योग्य हुनुहुन्छ) ।

४) संचालक समितिले प्रस्ताव गरे वमोजिम कर प्रयोजनको लागि चुक्ता पुंजीको ०.७८९४७३६८ प्रतिशतले नगद लभांश रु. ७८९,४७३६८ स्वीकृत गर्ने ।

**ख) <u>विशेष प्रस्तावहरु</u>**

१) संचालक समितिले प्रस्ताव गरे वमोजिम चुक्ता पुंजीको १५ प्रतिशत बोनस शेयर स्वीकृत गर्ने र सोहि हदसम्म जारी पुंजी र चुक्ता पुंजी बृद्धि गर्ने सम्बन्धि विशेष प्रस्ताव स्वीकृत गर्ने ।

२) संचालक समितिको भत्ता तथा सुविधा सम्बन्धमा ।

३) यस विकास बैंक तथा अन्य कुनै बैक, विकास बैंक तथा फाइनान्स कम्पनीसंग एक आपसमा मर्ज (गाभ्ने/गाभिने) हुने सम्बन्धमा समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पुरा गरि सोमा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ति (Assets) र दायीत्व ( Liabilities) मुल्याङ्कन (Due Diligence Audit) गर्न मुल्याङ्कनकर्ता लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत मर्ज ( गाभ्ने/गाभिने) गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

४) प्रबन्ध पत्र र नियमावलीमा आवश्यक संशोधन र परिमार्जन गर्ने प्रस्ताव पारीत गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकायबाट स्वीकृत गराउनको लागी आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितीलाई अख्तियारी दिने ।

**ग) विविध ।**

## ५. <u>सभाको सञ्चालन:</u>

सभाको संचालन कम्पनी सचिव श्री प्रदिप कुमार श्रेष्ठले गर्नु भएको थियो ।

## ६. उपस्थिति

### ६.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

| | | |
|---|---|---|
| १. | श्री राजेन्द्र प्रसाद वझा | अध्यक्ष |
| २. | श्री रामेश्वर प्रसाद कसजु | सञ्चालक |
| ३. | श्री जीवन प्रसाद वझा | सञ्चालक |
| ४. | श्री उज्ज्वल प्रसाद कसजु | सञ्चालक |
| ५. | श्री अनिल प्रसाद श्रेष्ठ | सञ्चालक |
| ६. | श्री रबिन्सन कक्षपति | सञ्चालक |

### ६.२ अन्य पदाधिकारीको उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री प्रदिप कुमार श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव |
| २. | श्री सुमन पौडेल | प्रतिनिधी नागरिक लगानी कोष (शेयर रजिष्ट्रार) |
| ३. | श्री शिवहरि शर्मा | बाह्य लेखा परिक्षक (शिवहरि एण्ड कम्पनी) |
| ४. | श्री पूर्णचन्द्र आत्रेय | प्रतिनिधि कम्पनी रजिष्ट्रारको कार्यालय |

### ६.३ शेयरधनीको उपस्थिति

| | |
|---|---|
| १. स्वयम् उपस्थित हुने शेयरधनीको संख्या: | ६२ |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयधनी संख्या: | १३ |
| ३. जम्मा उपस्थित संख्या: | ७५ |

## ७. गणपुरक संख्या ( कम्पनी ऐन, २०६३ को दफा ७३ अनूरुप )

| विवरण | कूल संख्या | जम्मा उपस्थिति | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | ८,४७१ | ७५ | ०.८९ प्रतिशत |
| संस्थापक शेयरधनी समूह (क) | २९ | २४ | ८२.७६ प्रतिशत |
| सर्वसाधारण शेयरधनी समूह (ख) | ८,४४२ | ५१ | ०.६० प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | १०,००,००० | ६,५३,०३० | ६५.३० प्रतिशत |

## ८. आसन ग्रहण

सभामा उपस्थित अध्यक्ष, सञ्चालक, अतिथि, लेखापरिक्षक, संस्थापक र सर्वसाधारण शेयधनीहरुलाई सभा सञ्चालकले आसन ग्रहण गराउनु भयो ।

## ९. सभाको बैधानिकता

कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम २१ दिन अगावै मिति: २०६९ साल मंसिर १९ गतेको राष्ट्रियस्तरको पत्रिका अन्पूर्ण पोष्ट र मिति: २०६९ साल पौष ८ गतेको बुटवल टुडे पत्रिकामा साधारण सभा सम्बन्धि सूचना प्रकाशित गरिएको र सोहि ऐनको दफा ७३(२) अनुसार बांडफांड भएको कूल शेयर संख्याको ५०% भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ (तिन) जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थिति भएमा सभाले बैधानिकता पाउने व्यवस्था भएकोमा यस साधारण सभामा कूल बांडफांड शेयर संख्या १० लाख कित्ता मध्ये स्वयं उपस्थिति ४,८७,०६० कित्ता शेयर, प्रतिनिधी मार्फत १,६५,९७० कित्ता शेयर जम्मा उपस्थिति ६,५३,०३० कित्ता शेयर प्रतिशतमा ६५.३० प्रतिशतको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु ७५ जना उपस्थिती भएको हुंदा यो साधारण सभा बैधानिक भएको घोषणा कम्पनी सचिवले गर्नु भयो । तत्पश्चात अध्यक्षज्युबाट सभा संचालनको अनुमती लिइ सभालाई निरन्तरता दिनु भयो ।

## १०. स्वागत मन्तव्य

सञ्चालक समितिका सदस्य श्री जीवन प्रसाद वझाज्युले उपस्थीत सम्पुर्ण शेयरधनी, अतिथि तथा कर्मचारीवर्गमा स्वागत मन्तव्य व्यक्त गर्नुभयो ।

## ११. सभाको समूद्घाटन

अध्यक्ष श्री राजेन्द्र प्रसाद वझाज्युले पानसमा दीप प्रज्वलन गरी बिकास बैंकको छैठौं वार्षिक साधारण सभाको समुद्घाटन गर्नुभयो ।

## १२. साधारण सभाको प्रस्तुती:

१. सभा सञ्चालक कम्पनी सचिव प्रदिप कुमार श्रेष्ठले अध्यक्षज्यूलाई सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युको वार्षिक प्रतिवेदन प्रस्तुत गर्न अनुरोध गर्नुभयो र सोहि अनुसार सभाका अध्यक्षज्युले उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरु, तथा अतिथिज्यूहरुलाई स्वागत एवं अभिवादन गर्दै पुर्व निर्धारित छलफलका बिषय सुचि अनुसार आ.व. ०६८/६९ को संचालक समितिको तर्फबाट प्रतिवेदन पढेर सुनाउनु

भयो र शेयरधनी महानुभावज्युहरुको अमुल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

२. तत्पश्चात अध्यक्षज्यूले अन्य छलफलका बिषयहरु सभा समक्ष प्रस्तुत गर्नको लागि कम्पनी सचिवलाई आग्रह गरे अनुसार कम्पनी सचिव श्री प्रदिप कुमार श्रेष्ठज्युले क्रमैसंग छलफलका विषयहरु सभा समक्ष प्रस्तुत गरि शेयरधनी महानुभावज्युहरुको अमुल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित बिषयबस्तु उपर छलफल गरि पारित गरिदिन अनुरोध गर्नुभयो ।

## १३. छलफलका लागि सहभागी शेयरधनी महानुभावहरु

छलफलका लागि प्रस्तुत बिषयबस्तु उपर आफ्ना अमूल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित निम्नानुसार शेयरधनी महानुभावहरुले छलफलमा भाग लिनु भयो ।

१. यमलाल भट्टराई

२. अमृतलाल श्रेष्ठ

३. महेश्वर प्रसाद श्रेष्ठ

४. प्रकाश भुषाल

५. चिन्तामणी पाण्डे

६. रीषु प्रसाद श्रेष्ठ

## १४. छलफलमा सहभागी हुने शेयरधनीहरुको आ-आफ्नो राय, सल्लाह, सुझाव तथा जिज्ञासाहरु:

छलफलको क्रममा शेयरधनी वक्ताहरुले व्यक्त गर्नुभएको मन्तव्यलाई तल प्रस्तुत गरिएको छ ।

**१. यमलाल भट्टराई**

**जिज्ञासाहरु:**

अध्यक्षज्युको प्रतिवेदनको पेज नं. १३ मा २०६९ साल अषाढसम्मको अनुमानित शेयर पुंजीमा रु. २ अरब भएको छ मलाई रु. २० करोड होकि जस्तो लागेको छ के हो, र शेयर पुंजी फरक पर्नाको कारणमा अग्राधिकार शेयर जारी नगरीएकोले भनी लेखिएको छ किन अग्राधिकार शेयर जारी गरिएन, लगानी कम देखियो तर बैंकमा प्रयाप्त तरलता छ त्यसैले लगानी बढाउन सुझाव छ । अडिटरको पारीश्रमिक सम्बन्धमा केहि कम गर्न

सकिने अवस्था छ कि र लेखा परिक्षण सकेसम्म कम समयमा सकि आश्विन भित्र साधारण सभा गराउन सकिन्छ भने सो व्यवस्था गर्नुहुन । अन्य यस क्षेत्रको स्थानिय बिकास बैंकको भन्दा लाभांश यस बिकास बैंकको कम रहेको अवस्थामा अन्य विकास बैंकको संचालकको भन्दा बढी भत्ता छ कि । आगामी आर्थिक वर्षको बजेट प्रतिवेदनमा उल्लेख भएको पाइएन किन ।

**२. अमृत लाल श्रेष्ठ**

**मन्तव्यः**

यस साधारण सभामा अध्यक्षज्युको प्रतिवेदनमा उल्लेख भएको कुरा ज्यादै सह्रानिय छ । शाखा बिस्तार, कर्जा लगानी, निक्षेप बृद्धि जस्ता कुराहरु राम्रो पक्षको रुपमा लिएको छु । अहिलेको अवस्थामा मर्ज हुनु राम्रो हुने देखिन्छ भने विग्रदो वित्तिय अवस्था रहेका बैंक वित्तिय संस्था प्रति सजग रहेर मर्ज प्रक्रिया गर्न उपयुक्त हुने सुझाव दिन्छु ।

**जिज्ञासा**

प्रतिवेदनको पाना नं. ४४ अन्य संचालन खर्चको भ्रमण भत्ता खर्च, विज्ञापन खर्च, मनोरञ्जन खर्च, विमा खर्च  र अन्य खर्च बढी भएको होकि खर्चमा मितव्ययीता देखाएमा अझ उपयुक्त हुने थियो । सण्ड्रि डेव्टर्समा देखिएको रकम बढी जस्तो छ सो रकम के को हो, अनुसुचि ४.२७ को सम्भावित नोक्सानीबाट फिर्ता केको फिर्ता हो, खराव कर्जा र अतिरीक्त नोक्सानी व्यवस्था केको लागि गरिएको हो, लेखा टिप्पणीमा व्याज आम्दानीमा आर्जित व्याज आम्दानी गरिएको छ भनी लेखिएको छ सो व्याज नगद प्राप्तीको आधारमा आम्दानी जनाउंदा उपयुक्त हुने थियो । मर्ज हुंदा भावी कार्यक्रम गर्दा खर्च कति लाग्छ र भावी Plan के के छ भन्ने उल्लेख भए राम्रो हुने थियो ।

**३. महेश्वर प्रसाद श्रेष्ठ**

**मन्तव्यः**

अध्यक्षज्युको प्रतिवेदन सारगर्भित रहेको देखिन्छ ।

**जिज्ञासा**

लगानी रु. चार करोड बाउन्न लाख बाट रु. तीन करोड दुइ लाख मात्र देखिन्छ यो केको लगानी हो र गत वर्ष भन्दा किन घट्न गयो । व्यक्तिगत जमानीमा भएको रु ११ लाख ५० हजार के लगानी हो, लेखा समितिको भत्ता रु. ६००। मात्र देखियो सो बढाउने होइन, आगामी आर्थिक वर्षको बजेट समेत राखेको भए राम्रो हुने थियो ।

४. प्रकाश भुषाल

**जिज्ञासा**

वार्षिक प्रतिवेदन ढिलो हात पर्‍यो यति छोटो अवधिमा ६१ पेजको प्रतिवेदन के अध्यन गर्न सकिन्छ र तै पनि सरसरति हेर्दा केहि कुरा देखें र जिज्ञासा राख्दै छु । कम्पनी सचिवको हस्ताक्षर प्रतिवेदनमा देखिएन, लगानी केमा लगानी हो, शेयर लगानी गर्नु पर्ने अवस्थामा किन नगरिएको, खर्च बढेको तर आम्दानी सोहि बमोजिम नबढेको पाइयो, संचालक र अध्यक्षको भत्तामा एकरुपता भए हुँदैन । अडिट खर्च रु. ९०,४००। भनीयो तर प्रतिवेदनमा रु. १,६०,४००। छ के हो ।

५. चिन्तामणी पाण्डे

**जिज्ञासा**

ग्रामिण बिकास बैंकको रु. ५० लाखको शेयर लिएको थाहा पाइएको छ के यो सांचो हो । डुब्न लागेको ग्रामिण बिकास बैंकको शेयर किन लिएको हो, बुटवल मै पहिले भएको प्रधान कार्यालय हटाइ अर्को प्रधान कार्यालय किन खोलियो, विगतको सिइयोको गलत कारणबाट राष्ट्र बैंकमा जरिवाना समेत तिरीयो ।

६. रीषु प्रसाद श्रेष्ठ

**जिज्ञासा**

आगामी भावी निती र बजेट समेत प्रतिवेदनमा पेश गरि दिए राम्रो हुने थियो ।

## १५. <u>सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ:</u>

अध्यक्षज्यूले शेयरधनीहरुको राय, सल्लाह, सुभ्काव र जिज्ञासा प्रति धन्यबाद दिंदै शेयरधनीहरुको राय, सल्लाह र सुभ्कावको आत्मासात गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो भने जिज्ञासाको सम्बन्धमा प्रतिवेदनको पेज नं. १३ मा अनुमानित शेयरपुंजी प्रिण्टिङ्ग गल्तीले एउटा शुन्य बढी हुन गइ रु. २ अरब भएको र वास्तविक रु. २० करोड भएको जानकारी गराउंदछु । कम्पनी स्थापना भए देखि कुनै पनि प्रतिफल दिन नसकिएको अवस्था र सो अवधिमा शेयर बजार समेत खस्कदो अवस्थामा रहेको कारणले गर्दा अग्राधिकार शेयर जारी नगरिएको हो । लेखा समितिको भत्ता बढाउने कुरा साधारण सभामा ल्याउनु नपर्ने र सोको निर्णय संचालक समितिको निर्णयबाट गर्न सकिने जानकारी गराउंदछु । संचालक समितिको भत्ताको सम्बन्धमा अध्यक्षको जिम्मेवारी बढी हुने र समय समेत बढी दिन पर्ने भएकोले केहि फरक गरिएको हो अन्य यस क्षेत्रका स्थानिय विकास बैंक र फाइनान्स कम्पनीको संचालकहरुको भन्दा भत्ता केहि कम नै राखिएको साथै यस विकास बैंकको नियमावलीमा संचालकहरुको भत्ता रु. १,०००। तोकिएको भएता पनि हालसम्म रु.

८००। मात्र लिने गरिएको र यहांहरुले नै गत वर्षको साधारणसभामा संचालकहरुको भत्ता कम भयो समय सापेक्ष बनाउनु पर्‍यो भन्ने प्रस्ताव गर्नु भएको कारणबाट पनि भत्तालाई समय सापेक्ष बनाउन उक्त प्रस्ताव ल्याइएको हो । आगामी आउने आर्थिक वर्षको बजेट साधारण सभामा पेश गर्नु नपर्ने र हाल शाखा विस्तारको कार्यक्रम पनि नरहेको साथै अध्यक्षको प्रतिवेदनको बुंदा नं. ३ मा चालु वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा संचालक समितिको धारणा प्रष्ट पारीएको व्यहोरा जानकारी गराउंदछु । मर्ज गर्नको लागि अख्तियारी मात्र लिइएको हो हालसम्म कुनै संस्थासंग मर्जको लागि कुरा भएको पनि छैन र उपयुक्त संस्था पाइएमा मात्र मर्जको प्रक्रिया शुरु गरिने र मर्ज सम्बन्धि प्रक्रिया अगाडि बढेमा निर्णयको लागि आगामी साधारण सभामा प्रस्तुत गरिने व्यहोरा समेत जानकारी गराउंदछु ।

अन्य दैनिक कारोबारसंग सम्बन्धित शेयरधनीहरुको जिज्ञासाको जवाफको लागि अध्यक्षज्युले प्रमुख कार्यकारी अधिकृत प्रदिप कुमार श्रेष्ठलाई अख्तियारी दिनु भए अनुसार प्रमुख कार्यकारी अधिकृतज्युले धन्यबाद दिंदै शेयरधनीहरुको जिज्ञासाको जवाफ निम्नानुसार दिनुभयो । लगानीको सम्बन्धमा पुंजीकोषको कारणबाट तरलता प्रयाप्त भएता पनि कर्जा, शेयर अन्य क्षेत्रमा लगानी गर्न नसकिएको हो । गत आर्थिक वर्षमा लेखा परिक्षकलाई रु. ९०,४००। प्रदान गरिएकोमा शाखा संख्या समेत बढेकोले रु. १,००,०००। प्रस्ताव गरिएको हो । सकेसम्म लेखा परिक्षण समयमै सम्पन्न गरि छिटो साधारण सभा गराउने प्रयत्न गर्नेछौं । प्रतिवेदनको पाना ४४ को अन्य संचालन खर्चको सम्बन्धमा भ्रमण खर्च रु. १ लाख ९७ हजार मात्र हो र इन्धन (पेट्रोल, डिजेल) खर्च समेत यसैमा संलग्न गरिएको छ । विज्ञापन खर्चमा पत्रपत्रिका, रेडियो, टेलिभिजन, Exihibition मा स्टल राखिएको खर्च , Reflecting Board को खर्च, क्यालेण्डर छपाई खर्च, हिलपार्क टिकट सौजन्य खर्च, जस्ता खर्चहरु समावेश गरिएका छन् । मनोरञ्जन खर्चमा अतिथि सत्कार खर्च समावेश गरिएको छ । विमा खर्चमा भल्ट विमा, सम्पत्ति विमा, सवारी साधन विमा, निक्षेप विमा समावेश गरिएको छ । अन्य खर्चमा नेपाल राष्ट्र बैंकले दिएको Format भन्दा हामी तल माथि जान नसक्ने कारणबाट शिर्षक नभएको खर्चहरुलाई अन्य खर्चमा राख्ने गरिएको हो सोमा सदस्यता खर्च, कर्जा सुचना केन्द्र खर्च, बार्षिक उत्सब खर्च, Closing खर्च, शाखा उद्घाटन खर्च, कर तथा तिरो खर्च, कार्यालय सम्बन्धि सानतिना खर्चहरु समावेश गरिएको छ । साथै खर्चमा सकेसम्म मितव्ययीता अपनाउदै आइएको व्यहोरा समेत जानकारी गराउंदछु । सण्ड्रि डेव्टर्समा रामापुर शाखा र जिमिरेभार शाखा निर्माणको क्रममा ठेकेदारलाई दिइएको अग्रिम रकम राखिएको जानकारी गराउंदछु । अनुसुचि ४.२७ को सम्भावित नोक्सानीबाट फिर्ता रकम कर्जा नोक्सानी व्यवस्थाबाट फिर्ता रकम हो र अतिरिक्त कर्जा नोक्सानी व्यवस्थामा यस विकास बैंकले अन्य संघसंस्थाका कर्मचारीको नियमित तलब यस विकास बैंकमा आएमा तलबबाट मासिक रुपमा कट्टा हुने गरी ६ महिनाको तलब बराबर संस्थागत जमानीमा कर्जा दिने गरिएको र सोबापत अतिरिक्त कर्जा नोक्सानी व्यवस्था गरिएको हो । लगानीको सम्बन्धमा रु. ३ करोड अन्य बैक तथा वित्तीय

संस्थामा राखिएको मुद्धति निक्षेप हो भने रु. २ लाख जनरल इन्सुरेन्स कम्पनीमा गरिएको लगानी हो । मुद्धति निक्षेप म्याद सकिएकोले सो लगानी रकम घट्न गएको हो । यस विकास बैंकको सर्वसाधारण शेयरधनी ८ हजार भन्दा बढी भएको र प्रतिवेदन १ वटाको मुल्य रु. १०५ पर्ने भएकोले धेरै प्रतिवेदन छाप्दा खर्च बढी हुने भएकोले सिमित प्रतिवेदन छापी केहिलाई कुरीयर मार्फत पठाईएको साथै पत्रपत्रिकामा साधारण सभा हुनु भन्दा २१ दिन अगावै दुइ पटक साधारण सभा हुने बारे सुचना प्रकाशित गरिएको र सक्कल प्रतिवेदनमा कम्पनी सचिबको सहि गरि राखिएको व्यहोरा जानकारी गराइन्छ । पश्चिमाञ्चल ग्रामिण बिकास बैंकमा लगानी गरिएको विषय आर्थिक वर्ष ०६९/७० को विषयबस्तु हो र अहिले हामी आर्थिक वर्ष ०६८/६९ को एजेण्डामा छलफल गरि रहेको हुंदा बिषयबस्तुमा ध्यान केन्द्रित गरिदिनुहुन अनुरोध गर्दछु । पहिलेको केन्द्रिय कार्यालय केहि भित्र रहेको कारणबाट पहिले रहेको केन्द्रिय कार्यालयमा यथावत शाखा संचालन गरि बुटवलको व्यस्त रहेको बजार हस्पिटललाइनमा केन्द्रिय कार्यालय सारिएको हो सोले व्यावसायमा कुनै प्रतिकुल असर नपरेको जानकारी गराउंदछु । अडिट खर्चमा आन्तरीक लेखा परिक्षकलाई दिइएको रु. ७०,०००। समेत समावेश गरिएको छ ।

लेखा परिक्षकसंग सम्बन्धित जिज्ञासाको सम्बन्धमा लेखा परिक्षक शिवहरि शर्मालाई जवाफ दिनको लागि अध्यक्षज्युले अख्तियारी दिनुभएको हुंदा जिज्ञासाको लागि धन्यबाद दिनुहुंदै बैंकले कर्जा व्याज आम्दानी नगद प्राप्तीको आधारमा आम्दानी जनाएको र अन्य लगानी आम्दानीलाई मात्र पाकेको आधारमा आम्दानी जनाएको व्यहोरा जानकारी दिनु भयो ।

## १६. सभाको निर्णय

### क) छलफलका लागि निर्धारित प्रस्तावहरु तर्फ

#### क) साधारण प्रस्तावहरु

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युको वार्षिक प्रतिबेदन प्रस्तुत र सो उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

सभामा प्रस्तूत आ.व.०६८/६९ को सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युको वार्षिक प्रतिवेदन अध्यक्षज्युले अनुमोदनका लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट अनुमोदन गरि पारित गर्ने निर्णय गर्‍यो ।

२) आ.व. ०६८/६९ को लेखा परिक्षण प्रतिवेदन, २०६९ अषाढ मसान्तको वासलात, नाफा नोक्सान तथा नगद प्रवाह विवरण तथा अनुसुचीहरुमा छलफल गरि पारित गर्ने ।

लेखा परिक्षकको प्रतिवेदन सहितको २०६९ असाढ मसान्तको वासलात, नाफा नोक्सान तथा नगद प्रवाह विवरण तथा अनूसुचीहरु पारित गरियोस् भनी सभा समक्ष राखिएको प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय गर्‍यो ।

३) आ.व.०६९/७० को लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने (हालका लेखा परिक्षक शिवहरि एण्ड कम्पनिका शिवहरि शर्मा पुन: नियुक्तिको लागि योग्य हुनुहुन्छ) ।

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परिक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. ०६९/७० को लागि लेखा परिक्षक नियुक्त गरि निजको पारिश्रमिक निर्धारण गरियोस् भनी राखिएको प्रस्तावमा सभाले लेखा परिक्षण समितिले सिफारिस गरे बमोजिम लेखा परिक्षकमा शिव हरि एण्ड कम्पनी भैरहवाका चार्टड एकाउण्टेण्ट शिव हरि शर्मालाई नियूक्त गर्ने र निजको पारिश्रमिकको हकमा लेखा परिक्षण शुल्क, कर लेखा परिक्षण शुल्क, लङ्गफर्म अडिट रिपोर्ट तयार गरेबापतको शुल्क र कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिम प्रतिवेदन समेत तयार गरे वापत भ्याट सहित एकमुष्ठ रु. १,००,०००। अक्षरेपी एक लाख मात्र पारिश्रमिक निर्धारण गर्ने निर्णय सर्वसम्मतबाट गर्‍यो ।

४) संचालक समितिले प्रस्ताव गरे वमोजिम कर प्रयोजनको लागि चुक्ता पुंजीको ०.७८९४७३६८ प्रतिशतले नगद लभांश रु. ७८९,४७३।६८ स्वीकृत गर्ने ।

प्रस्ताव गरे बमोजिमको लाभांश कर प्रयोजनको लागि नगद लाभांश स्वीकृत गर्ने निर्णय सर्बसम्मतबाट गर्‍यो ।

**ख) विशेष प्रस्तावहरु**

१) संचालक समितिले प्रस्ताव गरे वमोजिम चुक्ता पुंजीको १५ प्रतिशत बोनस शेयर स्वीकृत गर्ने र सोहि हदसम्म जारी पुंजी र चुक्ता पुंजी बृद्धि गर्ने सम्बन्धि विशेष प्रस्ताव स्वीकृत गर्ने ।

संचालक समितिले प्रस्ताव गरे बमोजिमको चुक्ता पुंजीको १५ प्रतिशतले हुने रकम रु. १ करोड ५० लाख बोनस शेयर स्वीकृत गर्ने र सोहि हदसम्म तिन महलेमा उल्लेख भए अनुसारको जारी पुंजी र चुक्ता पुंजी बृद्धि गरि रु. ११ करोड ५० लाख बनाउने प्रस्ताव सर्वसम्मतबाट स्वीकृत गर्ने निर्णय गर्‍यो ।

२) संचालक समितिको भत्ता तथा सुविधा सम्बन्धमा ।

छैठौं साधारण सभामा प्रस्तुत गरिएको प्रस्ताव तथा तिन महलेमा उल्लेख भए अनुसारको संचालक समितिको प्रति बैठक भत्ता अध्यक्षको रु. ३,५००। अक्षरेपी तीन हजार पांच सय र संचालकहरुको रु. २,५००। अक्षरेपी दुइ हजार पांच सय

बनाउने साथै संस्थाको कामको सिलसिलामा बाहिर जांदा अध्यक्ष लगायत संचालकहरुलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता रु. २,०००। अक्षरेपी दुइ हजार गर्ने गरी सर्वसम्मतबाट स्वीकृत गर्ने निर्णय गर्‍यो ।

३) यस विकास बैंक तथा अन्य कुनै बैक, विकास बैंक तथा फाइनान्स कम्पनीसंग एक आपसमा मर्ज (गाभ्ने/गाभिने) हुने सम्बन्धमा समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पुरा गरि सोमा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ति (Assets) र दायीत्व ( Liabilities) मुल्याङ्कन (Due Diligence Audit) गर्न मुल्याङ्कनकर्ता लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत मर्ज ( गाभ्ने/गाभिने) गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

यस विकास बैंक तथा अन्य कुनै बैक, विकास बैंक तथा फाइनान्स कम्पनीसंग एक आपसमा मर्ज (गाभ्ने/गाभिने) हुने सम्बन्धमा समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पुरा गरि सोमा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ति (Assets) र दायीत्व (Liabilities) मुल्याङ्कन (Due Diligence Audit) गर्न मुल्याङ्कनकर्ता लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत मर्ज (गाभ्ने/गाभिने) गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गर्‍यो ।

४) प्रबन्ध पत्र र नियमावलीमा आवश्यक संशोधन र परिमार्जन गर्ने प्रस्ताव पारीत गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकायबाट स्वीकृत गराउनको लागी आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितीलाई अख्तियारी दिने ।

साधारण सभामा प्रस्तुत भए अनुसारको तीन महलेमा उल्लेख भए वमोजीम प्रबन्ध पत्रको दफा ५(ख), दफा ५(ग) साथै नियमावलीको नियम २९(ख), २९(ग) र ३५(५) संशोधन गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकायबाट स्वीकृत गराउनको लागी आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितीलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतबाट स्वीकृत गर्ने निर्णय गर्‍यो ।

**ग) विविध ।**

साधारण सभाको निर्णय पूस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५(१) मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणीत गर्ने व्यहोरा सभालाई जानकारी गराइयो ।

## १७. धन्यबाद मन्तव्य

बैंकका संचालक श्री अनिल प्रसाद श्रेष्ठज्युले उपस्थित सम्पुर्ण शेयरधनी महानूभावहरु, अतिथिज्युहरु, लेखा परिक्षक, कर्मचारी वर्ग, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेञ्ज, नेपाल धितोपत्र बोर्ड, नागरीक लगानी कोष तथा बैंकसंग सहकार्य गर्ने सम्पुर्णलाई धन्यबाद ज्ञापन गर्नु भएको थियो ।

अन्तमा, छैठौं वार्षिक साधारण सभा सम्पन्न गर्नको लागि पुर्‍याउनु भएको सहयोग, सद्भाव र शेयरधनी महानूभावज्युहरुको अमूल्य राय सल्लाह सुझाव तथा उपस्थितिको लागि हार्दिक धन्यबाद दिंदै अध्यक्षज्युको अनुमतिबाट कम्पनी सचिवज्युले साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।